कार्यपालिका वैठकका प्रस्तावहरु (२०८० भाद्र १९ गते मंगलवार )

प्रस्ताव नं. १ : प्रमुख प्रशासकीय अधिकृतज्यूको स्वागत सम्बन्धमा ।

प्रस्ताव नं. २ : आर्थिक सहयोग गर्ने सम्बन्धमा

प्रस्ताव नं. ३ : घ वर्गको इजाजत प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : स्वास्थ्य इकाईलाई आधारभूत स्वास्थ्य चौकीको रुपमा स्तरोन्नती गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : ह्युम पाइप राख्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : म्याद थप तथा जरिवाना लगाउने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : मेलम्ची प्राथमिक अस्पताल निर्माण कार्यको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ८ : मेलम्ची फट्टे दुवाचौर मोटर पुल निर्माणको लागि श्रोत सूनिश्चितता सम्बन्धमा ।

प्रस्ताव नं. ९ : वडा मेलमिलापकर्ता सूचिकृत सम्बन्धमा ।

प्रस्ताव नं. १० : भवन अभिलेखिकरण कार्यविधि निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : कृषि बालिको मूल्य निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं. १२ : झोलुङ्गे पुल निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ : बालमैत्री वडा घोषणाका लागि खुल्ला गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ : २५/७५ श्रम साझेदारी कार्यक्रम अन्तर्गत सिंचाई कुलो निर्माणको लागि सूचना आव्हान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ : बालमैत्री कक्ष निर्माण सम्वन्धमा ।

प्रस्ताव नं. १६ : स्थानीय राजस्व बाँडफाँड श्रोतबाट श्रोतान्तर गरी आन्तरिक श्रोतमा कायम गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. १ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृतको रुपमा यस कार्यालयमा सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत निमेष मिश्रलाई स्वागत गर्नुको साथै वहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.२ : मिति २०७८ साल असार १ गते तथा मिति २०८० श्रावण र भाद्र महिनामा मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढीको कारण हेलम्बु गाउँपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिका अन्तर्गतका सडक तथा भौतिक संरचनामा ठूलो क्षति पुगेको हुँदा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी हेलम्बु गाउँपालिकाको लागि रु.१० लाख र पाँचपोखरी गाउँपालिकाको लागि रु.१० लाख आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो। साथै, मेलम्ची नगरपालिका वडा नं ४ स्थायी निवासी म्लाङसिङ तामाङको नाति बल बहादुर तामाङको छोरा मान बहादुर तामाङ काठमाडौं स्थित नेपाल मेडिकल कलेजमा उपचारर्थ रहेको र निजको परिवारको आर्थिक अवस्था समेत कमजोर भएको हुँदा निजको परिवारलाई रु ५० हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजत दर्ता समितिबाट देहाय बमोजिमका निर्माण व्यवसायलाई घ वर्गको ईजाजत प्रदान गर्नको लागि सिफारिस भई आएको हुँदा समितिबाट सिफारिस भई आए बमोजिम तपसिल बमोजिमको निर्माण व्यवसायलाई "घ" वर्गको ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | निर्माण व्यवसायको विवरण | निर्माण व्यवसायीको नाम, थर | ठेगाना |
|---|---|---|---|
| १ | सिन्धु शिवपुरी कन्स्ट्रक्सन प्रा.लि. | अनिल सापकोटा | मेलम्ची न.पा. २ |

निर्णय नं. ४ : नेपाल सरकारको संघीय संरचना अनुसार यस मेलम्ची नगरपालिका भित्रका साविकको भोटेचौर गाविस विभाजन भई वडा नं. १ र २ कायम भएको र दुवाचौर गाविस विभाजन भई वडा नं. ७ र ८ कायम भएकोमा हाल वडा नं. २ र ८ मा स्वास्थ्य इकाईको रुपमा मात्र स्वास्थ्य सेवा संचालन भएकोमा वडा नं. २ र ८ मा हाल रहेको स्वास्थ्य इकाईलाई आधारभूत स्वास्थ्य चौकीको रुपमा स्तरोन्नती गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो । साथै, मेलम्ची नगरपालिका वडा नं ९ स्थित नौलिङ्ग सामुदायिक स्वास्थ्य केन्द्रलाई मेलम्ची नगरपालिकाको स्वामित्वमा रहने तथा संस्थाको पूर्व आर्थिक दायित्व बहन नगर्ने गरी शहरी स्वास्थ्य केन्द्रको रुपमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका स्थितं मेलम्ची हुँदै फट्टे दुवाचौर जोड्ने पक्की मीटर पुल मेलम्ची बाढीबाट बगाएको र हाल उक्त स्थानमा यातायात संचालनमा कठिनाई भई दैनिक जनजिवनमा कठिनाई भएकोले मेलम्ची नदीमा यातायात संचालनका लागि नदीको बहाव कम भए पछि ह्युम पाइप राख्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

<u>निर्णय नं. ६</u> : मेलम्ची नगरपालिका भित्र संचालित देहाय बमोजिमका योजनाहरु विभिन्न कारणले सम्पन्न हुन नसकी प्रथम पटकको लागि म्याद थप गर्न निवेदन प्राप्त भएको हुँदा देहाय बमोजिमका योजनाहरुको देहाय अनुसार म्याद थप गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | ठेक्का नं. र विवरण | फर्मको विवरण | म्याद समाप्त हुने मिति | म्याद थप गरिएको अवधी |
|---|---|---|---|---|
| १ | MMSI/WORKS/NCB/2079-80/08 Construction of 7 No. Ward office building. | गेहेन्द्रलक्ष्मी/जुगल हिमशिखर जे.भी., मेलम्ची १० । | २०८० असोज ५ गते | २०८० चैत्र ४ गतेसम्म |
| २ | MMSI/WORKS/NCB/2079-80/37., Upgrading Works of Bahunepati Khalde Road | ए.डि. निर्माण सेवा, बनेपा | २०८० साउन ३० | २०८० असोज महिनाको पहिलो हप्तासम्म । |

<u>निर्णय नं. ७</u> : मेलम्ची नगरपालिका वडा नं. ११ मा निर्माणाधिन अवस्थामा रहेको ठेक्का नं. MMSI/WORKS/NCB/2077-78/26 को Construction of Melamchi Primary Hospital Building को अस्पताल भवन २ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण कम्पनी श्री सूर्य चन्द्र/प्रेरा जे.भी., टोखा काठमाडौंसंग मिति २०७७/१२/१७ गते सम्झौता भई कार्य भैरहेकोमा तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न गर्न नसकी, मिति २०७९/११/२८ गतेको नगर कार्यपालिकाको वैठकबाट २०८० भाद्र महिनासम्म म्याद थप गरिएकोमा उक्त समय भित्र पनि निर्माण कम्पनीले आफैले पेश गरेको कार्य सम्पादन तालिका बमोजिम समेत कार्य सम्पन्न गर्न नसकी, मिति २०८०/०४/०५मा पुन: म्याद थपका लागि निवेदन पेश गरेकोमा निज कम्पनीबाट पेश गरिएका कारणहरु माथि नगर कार्यपालिकामा छलफल हुँदा यथार्थपरक, जायज र मनासिव कारण नदेखिएको तथा उक्त अवधि भित्र कुनै काबु बाहिरको परिस्थितिको सामना समेत गर्नु नपरेको, निजकै ढिलासुस्ति तथा लापरवाहिको कारणले समयमा कार्य नभएको तथा म्यादथप समेतको अवधिभित्र पनि कार्यप्रगति सन्तोषजनक नदेखिएको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (२) बमोजिमको अवस्था समेत नदेखिएको हुँदा निज कम्पनीलाई GCC शर्तको बुँदा नं. ५५.१ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (३) अनुसार नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपुर्ति लिने गरी पूर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने अधिकतम अवधिसम्म म्याद थप गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ८ : मेलम्ची नदीमा मिति २०७८ साल असार १ गते आएको भिषण बाढीबाट बगाएको मेलम्ची नगरपालिका वडा नं. ११ र ७ जोड्ने मेलम्ची फट्टे दुवाचौर पक्की मोटर पुल निर्माण गर्नको लागि ढुङ्गा, गिटी बालुवाको बिक्रीबाट प्राप्त राजस्व मध्ये प्रदेश सरकारलाई बाँडफाँड गर्नुपर्ने ४० प्रतिशत राजस्व रकमबाट बहुवर्षिय योजनाको रुपमा पक्की मोटर पुल निर्माण गर्नको लागि मिति २०८०/०३/३१ को कार्यापालिका बैठकबाट निर्णय भएकोमा प्रदेश सरकारलाई बाँडफाँड गर्नुपर्ने राजस्व रकम र अन्य श्रोत व्यवस्थापन गरी पक्की मोटर पुल निर्माण गर्ने गरी श्रोत सूनिश्चितता गरी पक्की मोटर पुल निर्माणको लागि डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट बोलपत्र प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९ : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडाबाट सिफारिस भई आएका देहाय बमोजिमका वडा मेलमिलापकर्ताहरुलाई सूचिकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं | मेलमिलापकर्ताको नाम, थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | विनोद चौलागाई | मेलम्ची न.पा. १ | ९८५१०९३५३० |
| २ | रुपा चौलागाई | मेलम्ची न.पा. १ | ९८६०४५००६४ |
| ३ | सानु माया तामाङ | मेलम्ची न.पा. १ | ९८३२६७४९३६ |
| ४ | ठाकुर नाथ चौलागाई | मेलम्ची न.पा. १ | ९८४९२३६०१७ |
| ५ | हर्क बहादुर तामाङ | मेलम्ची न.पा. २ | ९८४९५१६४१५ |
| ६ | कुमार चौलागाई | मेलम्ची न.पा. २ | ९८४३७५८७९७ |
| ७ | अरुण लामा | मेलम्ची न.पा. २ | ९८६९६०२९०७ |
| ८ | सजिना सापकोटा | मेलम्ची न.पा. २ | ९८४३५४९७०२ |
| ९ | विष्णु प्रसाद ढुङगाना | मेलम्ची न.पा. २ | ९८५१०४८४८६ |
| १० | चमेली तामाङ | मेलम्ची न.पा. २ | ९८४२५२९८८० |
| ११ | अनिशामाया तामाङ | मेलम्ची न.पा. २ | ९८६१५२६३३६ |
| १२ | कृष्ण प्रसाद लुइटेल | मेलम्ची न.पा. ५ | ९८६११४३६४८ |
| १३ | केशव रोका | मेलम्ची न.पा. ५ | ९८४१५०३४९५ |
| १४ | पविता रोकाय | मेलम्ची न.पा. ५ | ९८६२७१२५५८ |
| १५ | केशब पौडेल | मेलम्ची न.पा. ५ | ९८४३८४७९८५ |
| १६ | सन्त बहादुर बोगटी | मेलम्ची न.पा. ५ | ९८६०९८८६२७ |
| १७ | बाल कृष्ण अधिकारी | मेलम्ची न.पा. ५ | ९८४१६८१९८२ |
| १८ | भुमी बहादुर लुइटेल | मेलम्ची न.पा. ५ | ९८६०८९०७१८ |
| १९ | राजेन्द्र प्रसाद नेपाल | मेलम्ची न.पा. ५ | ९८५१२२२०८५ |
| २० | राजन भट्टराई | मेलम्ची न.पा. ५ | ९८४०७०४१४४ |
| २१ | लक्ष्मण सिग्देल | मेलम्ची न.पा. ५ | ९८४९९४६७४३ |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| क्र. सं | मेलमिलापकर्ताको नाम, थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| २२ | दल बहादुर गिरी | मेलम्ची न.पा. ६ | ९८१८३९४६४३ |
| २३ | सन्तोष बस्नेत | | ९८६०५७०९५२ |
| २४ | सुजि सुनुवार | | ९८६१२४०३१९ |
| २५ | भिम बहादुर तामाङ | | ९८०८४४७१३८ |
| २६ | नवराज ढुङगाना | | ९८०३२८१३४५ |
| २७ | लक्ष्मी आचार्य | | ९८६०८३३९४८ |
| २८ | रमेश तामाङ | | ९८६१८१७२९८ |
| २९ | अस्मिता अर्याल | | ९८४१५४६७७२ |
| ३० | अनन्त प्याकुरेल | | ९८४६६९५६८१ |
| ३१ | प्रमोद तामाङ | | ९८५१३४३१९७ |
| ३२ | संगिता नेपाली | मेलम्ची न.पा. ७ | ९८६१२०६४०४ |
| ३३ | आशामान तामाङ | | ९८०८१९९२१७ |
| ३४ | सोमर तामाङ | | ९८०८१८३२५५ |
| ३५ | प्रेम तामाङ | | ९८२३०७६०९८ |
| ३६ | पार्वती गिरि | | ९८०३७६१३८५ |
| ३७ | निर्मला गिरि | | ९८१०१३६६८५ |
| ३८ | अमित कोइराला | मेलम्ची न.पा. ८ | ९८४३८०४४०५ |
| ३९ | देवकी गिरी | | ९८०३२२३४७६ |
| ४० | जल बहादुर दोङं | | ९८४५६२३८९२ |
| ४१ | नबराज गिरी | | ९८५११९३३५७ |
| ४२ | बासुदेव कटुवाल | मेलम्ची न.पा. ९ | ९८०८६३६८४९ |
| ४३ | सर्मिला खड्का | | ९८४३५३१८६१ |
| ४४ | लक्ष्मी कुइकेल | | ९८४३८०५३७३ |
| ४५ | मैया गिरि | | ९७४२९२६८५३ |
| ४६ | हिरा तामाङ | मेलम्ची न.पा. १० | ९८४३८९७२१० |
| ४७ | अमर सापकोटा | | ९८५१०९९०४५ |
| ४८ | कुमार दाहाल | | ९८६०१८४६३१ |
| ४९ | भोला नाथ अचार्य | | ९८६०१४५३५६ |
| ५० | रामहरि कार्की | | ९७४२९२६८४१ |
| ५१ | गोमा माझी | | ९८६०१४५४७५ |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| क्र. सं | मेलमिलापकर्ताको नाम, थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| ५२ | कल्पना चालिसे | मेलम्ची न.पा. ११ | ९८४३६५१८३२ |
| ५३ | विष्णु प्र.दुलाल | | ९८४०७१७००९ |
| ५४ | रुद्र प्रसाद दुलाल | | ९८४३७८०८२१ |
| ५५ | सरिता दुलाल | | ९८४३१८७५१३ |
| ५६ | अम्बिका डोटेल | | ९८४९५९९९२० |
| ५७ | ज्ञान प्रसाद सापकोटा | | ९८६५९९१९२० |
| ५८ | डम्बर बहादुर तामाङ | | ९८६०५३७६११ |
| ५९ | हरि प्रसाद धिताल | | ९८४९९९०१७९ |
| ६० | सानिमैया पण्डित | | ९७४८२८३३०१ |
| ६१ | शिव प्रसाद नेपाल | मेलम्ची न.पा. १२ | ९८४९७२७२३८ |
| ६२ | सानु मैया भट्टराई | | ९८४३४७२८७८ |
| ६३ | चिरन्जिवि पराजुली | | ९८४१५३०९६१ |
| ६४ | गणेश ढकाल | | ९८५१०५४०१२ |
| ६५ | रमेश भट्टराई | | ९८४३०३००६९ |
| ६६ | जयराम नेपाल | | ९८५१११०५६० |
| ६७ | सुरज ढकाल | | ९८४९९१०४५२ |
| ६८ | ध्रुव बहादुर ढकाल | | ९८६०६३६६७१ |
| ६९ | मोहन तामाङ | | ९८६९३७२१११ |
| ७० | भिमसेन दनुवार | मेलम्ची न.पा. १३ | ९८०८०६३९९७ |
| ७१ | शंकर प्रसाद ढुंगाना | | ९८६१२९१०६९ |
| ७२ | सोमनाथ दंगाल | | ९८६४८४२८८ |
| ७३ | सरिता आचार्य डोटेल | | ९८६०२९३४८४ |
| ७४ | विष्णु माया तामाङ | | ९८२३४७७००५ |

निर्णय नं. १० : मेलम्ची नगरपालिका भित्र निर्माण भएका भवनहरुको अभिलेखिकरण गर्नको लागि आवश्यक कार्यविधि निर्माण गरी पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. पूर्वाधार विकास समिति संयोजक श्री चन्द्र बहादुर तामाङ - संयोजक
२. वडा अध्यक्ष श्री अमृत खनाल - सदस्य
३. का पा सदस्य श्री दिनेश घले- सदस्य
४. का पा सदस्य श्री कुमारी बि क - सदस्य
५. ई. जित बहादुर कार्की - सदस्य सचिव

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ११ : मेलम्ची नगरपालिका क्षेत्र भित्र वन्यजन्तुबाट क्षति भएको बालीनालीको क्षतिपूर्तिको लागि कृषि विकास शाखाबाट पेश भएको देहाय अनुसारको औसत मूल्य निर्धारण गरी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | अन्न बालीको विवरण | औसत मूल्य रु. (प्रति के.जी.) | कैफियत |
|---|---|---|---|
| १ | चामल मोटो | ७० | |
| २ | चामल मध्यम | ८७.५ | |
| ३ | चामल मसिनो | १३० | |
| ४ | मकै | ४३.७५ | |
| ५ | धान मोटो | ३८.७५ | |
| ६ | कोदो | ४६ | |
| ७ | गहुँ | ४७.५ | |
| ८ | धान मसिनो | ७५ | |

निर्णय नं. १२ : मेलम्ची नगरपालिका वडा नं. १२ स्थित गिराञ्चौर थाक्ले झोलुङ्गे पुल र मेलम्ची नगरपालिका वडा नं १ स्थित महादेव खोला झोलुङ्गे पुल निर्माण गर्नको लागि चालु आ.व. २०८०/८१ को संघीय सशर्त बजेट शिर्षक अन्तर्गत रु. ४०,००,०००।- बजेट विनियोजन भएकोमा संघीय सर्शतमा विनियोजन भएको बजेट शिर्षकबाट खर्च गर्ने गरी उक्त झोलुङ्गे पुल निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : मेलम्ची नगरपालिका वडा नं ७ लाई बालमैत्री वडा घोषणा गर्ने कार्य सम्पन्न भएको र बाँकी रहेका अन्य सबै वडाहरुलाई बालमैत्री वडा घोषणा गर्नको लागि खुल्ला गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका भित्रका सिंचाई कुलो निर्माण तथा मर्मत संभार कार्यको लागि २५/७५ श्रम साझेदारी कार्यक्रम अन्तर्गत सिंचाई कुलो निर्माण एवं मर्मत संभारका लागि सम्बन्धित उपभोक्ताहरुलाई निवेदन पेश गर्न सूचना आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : मेलम्ची नगरपालिका वडा नं ११ स्थित ईलाका प्रहरी कार्यालयमा बालमैत्री कक्ष निर्माण गर्न आवश्यक भएकोले प्राविधिक लागत इष्टिमेट बमोजिम विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी बालमैत्री कक्ष वा सम्पर्क इकाई निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ : मिति २०८०/०३/३१ गते बसेको कार्यपालिका वैठकको निर्णय नं. ७ बमोजिम २०८० आषाढमा सुत्रमा प्रविष्टि गरिएको रकम रु. ३२,३६,३०,५५०।- राजस्व बाँडफाँड स्थानीय श्रोतमा रहेका कार्यक्रमहरु आन्तरिक श्रोतमा श्रोतान्तर गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक